कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३१६ | वि.सं. २०८२ फागुन २४ आइतवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष पञ्चमी | Sunday 8 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ८ | मूल्य: ५ ।-

## कर्णालीमा पुरानै दलको दबदबा

सार्वजनिक मतपरिणाम अनुसार कर्णालीमा कांग्रेसले तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले एक, नेकपा एमालेले एक, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले एक र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक उम्मेदवारले जित निकालेका छन् । यी जिल्लामा पुरानै दलहरुको बर्चश्व देखिएको छ ।

**ओम शाही**
**सुर्खेत, २३ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्र मध्ये सात क्षेत्रको अन्तिम नतिजा सार्वजनिक भएको छ। यो समाचार तयार पार्दासम्म सल्यान, रुकुम पश्चिम, डोल्पा, हुम्ला र मुगको अन्तिम नतिजा आइसकेको थिएन। मतगणनाको प्रारम्भिक नतिजा अनुसार मगुमा एमाले, डोल्पा र हुम्लामा नेकपाका उम्मेदवारले अग्रता कायम गरेका छन्।



सार्वजनिक मतपरिणाम अनुसार कर्णालीमा कांग्रेसले तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले एक, नेकपा एमालेले एक, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले एक र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक उम्मेदवारले जित निकालेका छन्। यी जिल्लामा पुरानै दलहरुको बर्चश्व देखिएको छ। अन्तिम मतपरिणाम आएका जिल्लाहरुमा सुर्खेत, दैलेख, कालीकोट, जुम्ला र जाजरकोट छन्।

जसअनुसार सुर्खेत क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका उमेद्वार विष्णुबहादुर खड्का विजयी भएका छन्। खड्काले २६ हजार आठ सय ९७ मत प्राप्त गरी विजयी हुँदा एमालेका ध्रुवकुमार शाकहीले १८ हजार आठ सय ९० मत प्राप्त गरेका छन्। यस्तै, रास्वपाका टेकबहादुर सिंहले १४ हजार सात सय २९ पाएका छन्। नेकपाका जीतबहादुर रानाले २ हजार ८२८ र राप्रपाका रविकिरण हमालले एक हजार ४९ मत पाएका छन्। यस्तै, सुर्खेत-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जित निकालेको छ।

रास्वपाका उम्मेदवार रमेशकुमार सापकोटा ३० हजार आठ सय ४२ मत प्राप्त गरी नतिजा आफ्नो पक्षमा पार्दा उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका नारायण कोइरालाले १६ हजार तीन सय ७८ मत प्राप्त गरे। उनीहरु बीचको मतान्तर १४ हजार चार सय ५४ छ। सापकोटाको जितसँगै रास्वपाले कांग्रेस र एमालेको गढ प्रदेश राजधानीमा सानदार झण्डा गाडेको छ। यस क्षेत्रमा २०४८ यताका निर्वाचनमा अधिकांश निर्वाचनमा प्रतिस्पर्धी रहने कांग्रेस एमालेको बर्चश्व रास्वपाले तोडेको छ।

त्यस्तै, जुम्लाबाट प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानबहादुर शाही विजयी भएका छन्। उनले निकट्तम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार नरेश भण्डारीलाई फराकिलो मतान्तरले पराजित गरेका हुन्। शाहीले १४ हजार आठ सय १६ प्राप्त गरि विजयी हुँदा भण्डारीले ११ हजार ६ सय ३६ मत प्राप्त गरेका छन्। यो उनको दोस्रो जित हो। उनी गएको निर्वाचनमा पनि भारी मतान्तरले विजयी भएका थिए।

दुई निर्वाचन क्षेत्र रहेको दैलेख-१ मा १२ वर्षपछि नेपाली कांग्रेस-कम्युनिस्टको

बाँकी ३ पेजमा

### कालीकोटमा नेकपाका शाही विजयी

कालीकोटमा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार महेन्द्रबहादुर शाही विजयी भएका छन्। प्रतिनिधिसभा सदस्य पदका लागि बिहीबार सम्पन्न निर्वाचनको परिणाम अनुसार शाहीले ११ हजार ३३८ मत प्राप्त गरी विजयी भएका हुन। उनका निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का नगेन्द्र शाहीले १० हजार ३५२ मत प्राप्त गरेका थिए। नेपाली कांग्रेसका हर्षबहादुर बमले सात हजार ९३३ मत प्राप्त गरेका थिए।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का खड्गबहादुर विश्वकर्माले चार हजार ५९९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश न्यौपानेले दुई हजार १३७ र नेपाल मजदुर किसान पार्टीका नन्दबहादुर शाहीले ५९७ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालय कालीकोटले जनाएको छ।

### यस्तो छ शाहीको राजनीतिक यात्रा

वि.सं.२०३३ माघ १५ गते पचालझरना गाउँपालिका ९ (साबिकको नानीकोट गाविस. ८ कोटिला) कालिकोटमा जन्मिएका शाही वडीमालिका माध्यामिक विद्यालय रास्कोटबाट एसएलसी उत्तीर्ण गरेका छन्।

वि.सं.२०४८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिएका उनले नेकपा मसाल (एकता केन्द्र)बाट राजनीतिक यात्रा सुरु गरेका थिए। पार्टी सदस्यता लिएपछि उनी अर्धभूमिगत भएका थिए। उनी २०५२ सालदेखि नेकपा (माओवादी) पार्टीको भूमिगत राजनीतिमा संलग्न भएका थिए।

तत्कालीन जनयुद्धमा होमिएसँगै शाहीले पार्टीको संगठन र छापामारमा समानान्तर भूमिका निर्वाह गरे। जनयुद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै उनले शान्ति प्रक्रिया हुँदै सेना समायोजनसम्म सैनिक क्षेत्रमै काम गरे।

माओवादी शान्ति प्रक्रियामा आएपछि उनी माओवादी केन्द्रको पोलिटब्युरो सदस्य तथा कालिकोट जिल्ला इन्चार्ज र हाल नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय नेता छन्। वि.सं.२०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी भई मुलुक सङ्घीयतामा गएपश्चात् २०७४ मंसिरमा सम्पन्न चुनावमा कर्णाली प्रदेशसभा सदस्यमा निर्वाचित शाहीले उक्त सालको फागुनदेखि २०७८ सम्म कर्णाली प्रदेशको प्रथम मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। उनी वि.सं. २०७० मा संविधानसभा सदस्य, ०७९ मा प्रतिनिधिसभा सदस्यमा विजयी भएका थिए।

## बाँकेका दुई क्षेत्रमा रास्वपा, एक क्षेत्रमा एमाले विजयी

**युग संवाददाता**
**बाँके, २३ फागुन ।**

बाँकेका तीन वटा निर्वाचन क्षेत्र मध्ये २ वटामा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार र एउटामा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन्।



बाँके २ मा नेकपा (एमाले) का मोहम्मद इश्तियाक राई प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन्। बिहीबार सम्पन्न प्रतिनिधीसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उनले २४ हजार ६१६ मत प्राप्त गरी निर्वाचित भएका हुन।

उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का विवेककुमार श्रेष्ठले १८ हजार ५८० मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। अन्तिममत परिणाम अनुसार नेपाली कांग्रेसका सुधांशु कोइरालाले १७ हजार ५८५ मत प्राप्त गरेका छन्।

**एकमा रास्वपाका चौधरी निर्वाचित**

बाँके क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सुरेशकुमार चौधरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उनले ३२ हजार ७९२ मत प्राप्त गरेको निर्वाचन अधिकृत शरोजनिधि वाग्लेले जानकारी दिए।

चौधरीको निकटतम प्रतिष्पर्धिमा नेपाली कांग्रेसका नारायण गौडेलले १५ हजार ३०१ मत प्राप्त गरेका छन्। त्यसैगरी नेकपा (एमाले)का सूर्य ढकालले ११ हजार १५ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत वाग्लेले बताए।

**तीनमा रास्वपाका सुनार निर्वाचित**

बाँके क्षेत्र नं ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार खगेन्द्र सुनार निर्वाचित भएका छन्। उनी २९ हजार ५५१ मत प्राप्त गरी निर्वाचित भएको क्षेत्र नम्बर ३ का निर्वाचन अधिकृत दशरथ गौतमले जानकारी दिए। सुनारका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का उम्मेदवार सुमन मल्लले १९ हजार ६१५ मत प्राप्त गरेका छन्। त्यस्तै नेपाली कांग्रेसका उम्मेदवार अमरसिंह पुनले १३ हजार २१५ र नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार दीपक गौरीमगरले ४ हजार १५ मत प्राप्त गरेका छन्। बाँकेको क्षेत्र नं १ मा पनि रास्वपाका सुरेश चौधरी विजयी भएका छन्। क्षेत्र नं २ मा भने नेकपा (एमाले)का उम्मेदवार मोहम्मद इश्तियाक राई विजयी भएका छन्।

## जेनजी आन्दोलनको प्रतिवेदन प्रधानमन्त्री कार्कीले आइतबार बुझ्ने

**युग संवाददाता**
**काठमाण्डौं, २३ फागुन ।**

भदौ २३ र २४ भएको जेनजी आन्दोलनको प्रतिवेदन भोलि बुझाइने भएको छ।

पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको आयोगले आइतबार बिहान ११ बजे प्रतिवेदन बुझाउन लागेको प्रधानमन्त्री सुशीला कार्कीका प्रेस सल्लाहकार राम रावलले जानकारी दिए। उक्त आयोगको समयावधि पनि आइतबार नै सकिँदैछ।

जेनजी आन्दोलनको छानबिन गर्नका लागि अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषदले असोज ५ गते उक्त आयोग गठन गर्ने निर्णय गरेको थियो।

तर त्यसयता उक्त आयोगले जाँचबुझ सकाएको थिएन। यो प्रतिवेदन चुनाव अगावै सार्वजनिक गर्न जेनजी प्रतिनिधि तथा राजनीतिक दलका नेताहरूले माग गर्दै आएका थिए।

काम नसकिएको बताउँदै आयोगलाई फागुन २४ गतेसम्मका लागि म्याद दिइएको थियो।

प्रधानमन्त्री कार्कीले पनि यो आयोगको प्रतिवेदन बुझेलगत्तै कार्यान्वयनमा लग्ने बताउँदै आएका छन्।






## सम्पादकीय....

# संकटमा कम्युनिष्ट आन्दोलन !

नेपालको राजनीतिक इतिहासमा पहिलोपटक वामपन्थी दलहरूको जनमत यति कमजोर अवस्थामा पुगेको देखिएको छ। कुनै समय संसदमा ६० प्रतिशतभन्दा बढी सिट जितेर राजनीतिक शक्तिको केन्द्र बनेका कम्युनिस्ट दलहरू अहिलेको निर्वाचन परिणामले कमजोर अवस्थामा पुगेको संकेत दिएका छन्। प्रारम्भिक मतगणनाले एमाले र नेकपा मात्रै राष्ट्रिय दल बन्ने सम्भावना देखाए पनि उनीहरूको जनमत पहिलेको तुलनामा निकै घटेको स्पष्ट छ। २१ फागुनमा सम्पन्न निर्वाचनले अर्को महत्त्वपूर्ण संकेत दिएको छ–जनतामा नयाँ विकल्पको खोजी तीव्र भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पक्षमा बढ्दो जनमतले पुराना दलहरूप्रति जनविश्वास घट्दै गएको देखाउँछ। विगतमा एमालेले जित्दै आएका धेरै क्षेत्रमा रास्वपाले अग्रता लिँदा कम्युनिस्टहरूको परम्परागत गढ समेत भत्किने संकेत देखिएको छ। नेपालमा कम्युनिस्ट आन्दोलनको चुनावी इतिहास भने लामो र उतार-चढावपूर्ण छ। पहिलोपटक २०१५ सालको संसदीय निर्वाचनमा कम्युनिस्ट पार्टीले भाग लिएको थियो। त्यतिबेला नेपाली कांग्रेसले दुई तिहाइ सिट जित्दा कम्युनिस्टहरूले चार सिट मात्र जितेका थिए। तुलसीलाल अमात्य, शेख फर्मान, हरदयाल महतो र कमलराज रेग्मी निर्वाचित भएका थिए। त्यसपछि भने कम्युनिस्ट दलहरूले क्रमशः जनमत विस्तार गर्दै लगे। २०४६ सालको जनआन्दोलनपछि २०४८ सालको आम निर्वाचनमा नेकपा (एमाले) ले ६९ सिट जित्यो भने संयुक्त जनमोर्चाले ९ र नेपाल मजदुर किसान पार्टीले २ सिट जिते। बहुदलपछिको पहिलो चुनावमै कम्युनिस्टहरूले कुल ८० सिट जितेका थिए।

२०५१ सालको मध्यावधि निर्वाचनले कम्युनिस्ट शक्तिलाई अझ बलियो बनायो। एमाले ८८ सिट जितेर सबैभन्दा ठूलो दल बन्यो र नेपालमा पहिलो पटक कम्युनिस्ट नेतृत्वको सरकार बन्यो। एमाले अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री बने। यद्यपि उक्त सरकार नौ महिनामात्र टिक्न सक्यो। २०५६ सालको निर्वाचनसम्म आइपुग्दा कम्युनिस्ट शक्तिमा विभाजन र प्रतिस्पर्धाको असर देखियो। एमाले विभाजन भई नेकपा (माले) बनेपछि कम्युनिस्ट मत कमजोर भयो। एमालेले ७१ सिट जित्दा अन्य साना कम्युनिस्ट दलहरूले सीमित सफलता पाए। २०६२-६३ को जनआन्दोलन र शान्ति प्रक्रियापछि माओवादी संसदीय राजनीतिमा आएपछि भने कम्युनिस्ट शक्तिले ऐतिहासिक उचाइ प्राप्त गऱ्यो। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा कम्युनिस्ट दलहरूले भारी जनमत पाए। ६ सय चार सदस्यीय संविधानसभामा कम्युनिस्ट दलहरूले तीन सय ५२ सिट जिते, जसमा माओवादी दुई सय २० र एमाले एक सय तीन सिटसहित प्रमुख शक्तिका रूपमा उदाए। तर समयसँगै यो शक्ति टिक्न सकेन। २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा कम्युनिस्ट मत घटेर दुई सय ७५ सिटमा सीमित भयो।

तर यही शक्तिशाली अवस्थाबाट कम्युनिस्ट आन्दोलनको पतन सुरु भयो। नेकपाभित्रको आन्तरिक किचलो, संसद विघटन, सत्ता संघर्ष र विभाजनका कारण जनविश्वास कमजोर हुँदै गयो। २०७९ सालको निर्वाचनमा कम्युनिस्ट दलहरू विभाजित अवस्थामा पुगे र प्रतिनिधिसभामा उनीहरूको उपस्थिति एक सय २३ सिटमा सीमित भयो। अहिलेको निर्वाचन परिणामले भने कम्युनिस्ट आन्दोलनका लागि झन् गम्भीर संकेत दिएको छ। जनताले नयाँ विकल्प खोज्न थालेका छन् भने पुराना दलहरूप्रति असन्तुष्टि बढ्दै गएको छ। कम्युनिस्ट आन्दोलनले लामो समयसम्म जनताको आशा र परिवर्तनको सपना बोकेको थियो। तर नेतृत्वको अहंकार, आन्तरिक कलह, सत्ता केन्द्रित राजनीति र जनअपेक्षा पूरा गर्न नसक्दा आज त्यही आन्दोलन कमजोर अवस्थामा पुगेको छ। यदि कम्युनिस्ट दलहरूले आफ्नो राजनीतिक संस्कार सुधार्न सकेनन्, जनतासँग पुनः विश्वासको सम्बन्ध निर्माण गर्न सकेनन् भने यो हार केवल चुनावी हार मात्र नभई विचारधारात्मक संकटको सुरुआत पनि हुन सक्छ।

## विश्व

# मध्यपूर्व युद्धः तनाव तीव्र, आक्रमण र प्रतिआक्रमण जारी

**वासिङ्टन, २३ फागुन ।**
अमेरिका-इजरायल र इरानबीच चर्किएको मध्यपूर्व युद्ध अझ फैलिँदै जाँदा क्षेत्रभरि सैन्य गतिविधि तीव्र बनेको छ। खाडी क्षेत्रदेखि लेबनान, सिरिया र इराकसम्म विस्फोट, क्षेप्यास्त्र प्रहार, ड्रोन आक्रमण र सैन्य कारबाहीका खबरहरू आएका छन् भने विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा पनि यसको प्रभाव देखिन थालेको छ।

शनिबार दुबई र बहराइनको राजधानी मानामामा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले जनाएका छन्। इरानले खाडी क्षेत्रका लक्ष्यहरूमा प्रतिशोधात्मक आक्रमण सुरु गरेको एक हप्तापछि यी विस्फोटहरू सुन्निएको हो। मानामामा चेतावनी साइरन बजाइएको थियो र बहराइनको गृह मन्त्रालयले सामाजिक सञ्जालमार्फत स्थानीय बासिन्दालाई नजिकको सुरक्षित स्थानमा जान आग्रह गरेको थियो।

यसैबीच अमेरिकी विदेश मन्त्रालयले इजरायललाई १२ हजार बम क्यासिङ बिक्री गर्न 'आपतकालीन' स्वीकृति दिएको जनाएको छ। विदेश मन्त्रालयको राजनीतिक-सैन्य मामिला ब्युरोका अनुसार प्रस्तावित बिक्रीले इजरायलको रक्षा क्षमता सुदृढ बनाउने, वर्तमान र भविष्यका खतराहरू सामना गर्न सहयोग गर्ने तथा क्षेत्रीय खतराविरुद्ध निवारकका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

इरानबाट गरिएको क्षेप्यास्त्र आक्रमणपछि इजरायली सेनाले देशभरि हवाई आक्रमणको चेतावनी जारी गरेको जनाएको छ। इरानले आफ्नो सर्वोच्च नेता आयातुल्ला अली खामेनीको हत्या र देशभरका लक्ष्यहरूमा गरिएको अमेरिका-इजरायलको संयुक्त सैन्य कारबाहीको बदला लिन इजरायलमाथि लगातार आक्रमण गरिरहेको बताइएको छ।

यसै क्रममा लेबनान-सिरिया सीमामा पनि तनाव चर्किएको छ। लेबनानी सरकारी मिडियाका अनुसार इजरायलले उक्त क्षेत्रमा अवतरण कारबाहीको प्रयास गर्दा झडप भएको थियो। तेहरान समर्थित हिजबुल्लाहले आफ्ना लडाकूहरू त्यस झडपमा संलग्न रहेको जनाएको छ। खामेनीको हत्याको बदला भन्दै हिजबुल्लाहले सोमबार इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले लेबनानमा थप सेना पठाएको थियो।

खाडी क्षेत्रमा पनि आक्रमणको प्रयास जारी रहेको छ। साउदी अरेबियाको रक्षा मन्त्रालयले अमेरिकी सैन्य कर्मचारीहरू बसोबास गर्ने एक हवाई अड्डातर्फ प्रहार गरिएको ब्यालेस्टिक मिसाइल अवरोध गरिएको जनाएको छ। राज्य समाचार एजेन्सीका अनुसार यसअघि पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरी लक्षित गरी गरिएको ड्रोन आक्रमणपछि इमिराती सीमासँगैको तेल क्षेत्रमा गरिएको अर्को ड्रोन आक्रमण पनि विफल पारिएको थियो।

इरानको राजधानी तेहरानमा पनि शनिबार ठूलो विस्फोट भएको इरानी राज्य प्रसारणकर्ताले जनाएको छ। त्यसपछि इजरायली सेनाले तेहरानका लक्ष्यहरूमा 'व्यापक स्तरका आक्रमण' सुरु गरिएको पुष्टि गरेको थियो। इजरायलका अनुसार इरानबाट नयाँ चरणको क्षेप्यास्त्र प्रहार भएपछि तेल अभिव क्षेत्रमा शृत लाबद्ध विस्फोट सुनिएका थिए।

# धाँधलीको सहारामा चुनाव



✍ उमालाल आचार्य

"एउटै पार्टीबाट राष्ट्रियसभामा अध्यक्ष र उपाध्यक्ष बन्न नपाइने भन्ने संवैधानिक व्यवस्था भएको हुँदा परिवारवादका हिमायती प्रचण्डले अर्याललाई राजनीतिक बली चढाएर भाइलाई शिखरमा पुऱ्याए।

संविधान जारी भएपछि देश स्थानीय निर्वाचनको तयारीमा थियो। प्रधानमन्त्री थिए माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड। सेना कब्जा गर्न खोज्दा उत्तानो पछारिएको क्यान्टोनमेन्टमा रकम हिनामिना गरेको तथा थोरै लडाकुलाई चौबर संख्यामा देखाई सरकारलाई ठग्न सफल भएको भन्ने आसयको भूमिगत कालको गोप्य भिडियो सार्वजनिक हुँदा राजनीतिमा प्रचण्डको लोकप्रियता दिनानुदिन ओरालो झर्दै गइरहेको थियो। जनादेशले रोकिदिए पनि तिगडमले काँग्रेस सभापति शेरबहादुर देउवाको हात समाएर सत्तामा उक्लेका थिए।

आलोपालो गर्न प्रधानमन्त्री पदको ललिपप देखाएर प्रचण्डले देउवालाई उठ् भने उठ्न र बस् भन्दा बस्न विवश पारिरहेका थिए। आफ्नी छोरी रेणु दाहालको प्रचारप्रसार गर्न र भोट माग्न देउवालाई नत्थी लगाएर प्रचण्डले चितवन पुऱ्याए। पदका लागि कतिसम्म गिर्न सक्छ भन्ने सवालमा देउवा पहिलो नमूना भए। होइन भने पार्टीको तर्फबाट कोही कसैलाई उम्मेद्बारी नै दिन बन्देज गरेर अर्को फरक पार्टीको उमेदवारलाई एउटा जिम्मेवार पार्टी सभापतिले कसरी भोट माग्न सक्छ ? त्यो कुकर्मले काँग्रेस पार्टीको प्रतिष्ठामा आँच मात्रै पुगेन देउवाको नैतिकतामा पनि कालोदाग लागिसकेको थियो।

विभिन्न मत सर्वेक्षणले भरतपुर नगरपालिकाको मेयरमा माओवादी उमेदवार रेणु दाहाल भन्दा एमाले उमेदवार देवी ज्ञवाली अगाडि भएको संकेतहरु देखाइ रहेका थिए। मत दान सम्पन्न भएर मतगणना शुरु भइरहेको थियो। मतगन्ती का क्रममा सूर्य सूर्य र फेरि सूर्य गर्दै निरन्तर सूर्य चिन्ह मात्रै आउन थालेपछि माओवादीका दुई जना प्रतिनिधिले २ थान मतपत्र झम्टेर अकारण च्याते। च्यातेर चपाए कि फाले तिनै जानुन् तर तिनलाई निर्देशन दिएर तयार पारिएको थियो। त्यसो गरे बापत जुनि सुधारिदिने आश्वासन पनि हुँदो हो तब त आफ्ना बाबु-आमाको इज्जतको ख्याल नराखेर प्रचण्डको आदेश शिरोधार्य गरे।

कानुनी प्रक्रिया पुऱ्याएर अदालतले सायद सुनपानी छर्किदिइ सकेको छ। मतपत्र च्याते बापत पाएको पारितोषिकले जीवन गुजारा चलाइरहेका होलान्। च्यात्तिएको २ थान मतपत्रको हिसाब अलग राखेर गणना निरन्तर सञ्चालन गर्न एमाले प्रतिनिधिले सुझाउँदा तिनै च्यात्नेहरुले मानेनन् किनकि उनीहरूले जसरी पनि स्थगित गराउनु नै थियो।

मतपत्र लुटिंदा फोडिंदा मतपत्र च्यातिदा नास गरिंदा सुरक्षा का लागि सुरक्षाकर्मीले गोली ताक्न हान्न सक्ने भन्ने सायद कानुनमा व्यवस्था छ। तर सुरक्षाकर्मी मुकदर्शक मात्र भयो किनकि बेथितिमा मुकदर्शक हुनु भन्ने माथिकै आदेश थियो। मतगणनामा खटिएका कर्मचारी प्रमुखको प्रतिक्रिया थियो "पिसाब फेर्न गएको थिएँ कसले च्यात्यो भन्ने थाहा छैन तर मतगणना स्थल पूरै रणमैदान भएको थियो।" रणमैदान ? पक्ष विपक्ष हात हालाहाल लडेर, मतपत्र सबै भूइँमा फालेर छरेर च्यातेर नास पारेर गन्न नसक्ने अवस्था थियो भन्ने पो जनाउँछ। त्यो परिस्थितिमा कर्मचारीको रणमैदान भन्ने त्यो शब्दावलीले, तर त्यस्तो बिल्कुल थिएन।

झूटो कुरालाई फुलबुट्टा भरेर प्रस्तुत गरेबाट नै प्रष्ट हुन्छकी कर्मचारीको नैतिकता पनि लिलाम भैसकेको थियो। "हामीले मतपत्र च्यातेका होइनौं च्यात्नेभए पहिल्यै च्यात्ने थियौं।" यस्तो आसयको पुष्ट्याइँ थियो प्रचण्डका भाइ नाता लाग्ने चितवन माओवादीका नेता नारायण दाहालको। पछि राष्ट्रपतिको कान फुकेर प्रचण्डले नारायणलाई राष्ट्रियसभामा पुऱ्याएका थिए।

राष्ट्रिय सभा अध्यक्ष रिक्त हुन आउँदा राष्ट्रियसभाको उपाध्यक्ष रहेकी माओवादी नेत्री उर्मिला अर्याललाई लैजानु पर्नेमा प्रचण्डले अर्याललाई उपध्यक्ष पदबाट राजीनामा गर्न दबाब दिई नारायणलाई अध्यक्ष पदमा पुऱ्याइदिए। एउटै पार्टीबाट राष्ट्रियसभामा अध्यक्ष र उपाध्यक्ष बन्न नपाइने भन्ने संवैधानिक व्यवस्था भएको हुँदा परिवारवादका हिमायती प्रचण्डले अर्याललाई राजनीतिक बली चढाएर भाइलाई शिखरमा पुऱ्याए।

त्यस्तो ज्यादती र धाँधलीका विरुद्ध देवी ज्ञवालीले निर्वाचन आयोगमा उजुरी दर्ता गराए। प्रष्ट उल्लेख भएको नियम र कानुनलाई धोती लगाएर रेणुलाई नै पायक पार्दै आयोगले सम्बन्धित वडामा फेरि मतदान हुनुपर्ने निर्णय गऱ्यो। मर्का परेको भनी निर्वाचनका विरुद्ध फेरि ज्ञवाली अदालत पुगे।

अदालतले पनि गणतन्त्रको रक्षा गर्दै निर्वाचनको निर्णयलाई सदर गरेर दुनियाँलाई चकित पाऱ्यो। संवैधानिक निकायले नाङ्गो रूपमा कसैको पक्षधरता लिएपछि संस्थाको प्रतिष्ठामा धब्बा लाग्ने मात्रै होइन विश्वासमा पनि संधै प्रश्न खडा हुन्छ।

त्यसकारण त्यो धाँधलीकाण्डमा तत्कालीन निर्वाचन आयुक्त लाई पनि पटक्कै भुल्न मिल्दैन। यदि सरकार आफ्नो भयो र निर्वाचन आयोग पनि दाहिना पऱ्यो भने धाँधलीबाट जित निकाल्न सकिन्छ भन्ने एक उदाहरण बन्न गएको छ गणतन्त्र प्राप्तिपछि भरतपुरको पहिलो स्थानीय निर्वाचन।

चितवनको चुनावी सभामा ज्ञवालीलाई उर्जा भरेका एमाले अध्यक्ष खड्ग प्रसाद ओली यस मामिलामा बिल्कुल मौन रहेका थिए। राजधानीतिर ओली र प्रचण्डले गोप्य रूपमा पार्टी एकीकरण गरेर संसदीय चुनावमा जाने भनी खिचडी पकाइ रहेका थिए। सायद ज्ञवालीको मनग्ये चित्त बुझाएर रेणुको जित निकाल्नका लागि फेरि मतदान भयो। रेणुले देशभरका माओवादीलाई लाजले नतमस्तक पारेर मेयरमा विजय प्राप्त गरिन्। एमाले र माओवादी दुई पार्टी मिसाएर नेपाल कम्युनिस्ट पार्टी निर्माण भयो। एउटा पार्टीमा सँगसँगै दुईजना अध्यक्ष बन्ने तमासा भएपछि ज्ञवालीले सुकुम्बासी समस्या समाधान आयोगको अध्यक्ष हुने सौभाग्य पाए।

पहिलो कार्य अवधि सकिएपछि दोस्रो स्थानीय निर्वाचन समय आयो। एमालेसँग स्वार्थ बाझिएपछि प्रचण्ड फेरि काँग्रेससँग बेरिन आइपुगेका थिए। मेयर पदमा रेणुलाई पायक पार्न काँग्रेसले पहिला जस्तै फेरि पनि उम्मेद्बारी दिएको थिएन। देउवाको हप्काइदप्काइमा चितव काँग्रेस कार्यकर्ताको बिद्रोहको जोड चलेन। अनेकन ललाइफकाई र कारबाहीका बाबजुद पनि काँग्रेसका पुराना कार्यकर्ता जगन्नाथ पौडेलले बागी उम्मेद्बारी दिने निश्चय गरे। पौडेललाई फकाउन स्वास्थमन्त्री र गृहमन्त्रीले मात्रै चितवनमा डेरा जमाएनन्, पूर्वप्रधान न्यायाधीश गोपाल पराजुली पनि चितवन झरेका थिए।

कारबाहीसँग नगलेका पौडेललाई रातो र गुलियोले फकाउन र लोभ्याउन सकेन। छोरीको प्रचारका लागि प्रचण्डले बहालवाला प्रधानमन्त्री मात्र होइन काँग्रेसका उपल्ला नेता र पूर्वप्रधानमन्त्रीलाई पनि चितवन ओराले। आफ्नो निष्ठा र मर्यादा भुलेर रेणुको प्रचारप्रसारमा भाग लिन पुगेका एउटा प्रचारक हाल राष्ट्रपतिको कुर्सीमा बसेर खोक्दै उपचारका लागि राष्ट्रको ढुकुटीमा आँखा गाढिरहेका छन्। सत्तामा जाने योजना बुनिरहेका अर्का प्रचारकलाई काँग्रेसका नेता गगन थापाले थला पारेपछि बोल्न र बतुराउन सकिरहेका छैनन्। अख्तियारले डामेका अर्का एक प्रचारक आफ्नै अस्तित्वका लागि छट्पटाइरहेका छन।

जेनजी फेनजी चिन्दैनौं पूर्वप्रधानमन्त्री र तिनका परिवारको उपचार खर्च राज्यबाट भरिनुपर्छ भन्दै जेनजी आन्दोलनलाई धारेहात लगाइरहेका छन अर्का प्रचारकले। यदि मेरी छोरीले चुनाव जितिन भने देश फेरि द्वन्द्वमा जान्छ भनि चितवनवासीलाई औंला ठड्याएर धम्काएका थिए स्वयं प्रचण्डले।

मौन अवधिमा केही मन्त्री लिएर आधा रातमा प्रचण्ड स्थल मार्ग हुँदै चितवन पुगेको मात्र होइन एउटा होटलमा बैठक पनि सम्पन्न गरेको भनी मिडियामा खबर आयो। एमाले कार्यकर्ताले उजुरी गरेपछि निर्वाचन आयोगले प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी र स्वयं प्रचण्डलाई तत्काल आठ घण्टे स्पष्टीकरण सोधेको कुरा पनि सतहमा आयो। मेयरको रूपमा रेणु।

दाहालले गरेको कामकाजलाई त्यती नकारात्मक टिप्पणी नगरौं किनकि अवश्य विकास भएको छ। तर त्यहाँ विकास गर्नका लागि राज्यकोषबाट ठुलो रकम कसले पठाएको थियो ? कोही मेयरका पिता प्रधानमन्त्री भएपछि राज्यकोष बाट बजेट प्राप्त हुने अन्यथा नहुने परिपाटीले देशको समग्र विकास हुन्छ त ? यसरी पनि सोच्न र प्रश्न गर्न सकिन्छ।

यस पटकको मत गणनामा रेणु दाहालले पराजय भोग्नु पर्ने अवस्था आएपछि नेपाली कम्युनिस्ट पार्टीका प्रतिनिधिले धाँधली गर्न खोजिएको भन्ने किसिमको बेबुनियाद आरोप लगाउँदै खिचोला गर्न खोजीरहेका थिए। मनग्ये विकास गरेको जनताको मन जितेको कोही व्यक्तिले जालझेल नगरी स्वस्थ प्रतिस्पर्धाबाट जित हाँसिल गर्नुपर्ने होइन ?

छोरी रेणुलाई केन्द्रीय राजनीतिमा स्थापित गर्न प्रचण्डले सुरु देखि नै मेलोमेसो मिलाइ रहेका थिए। संविधानसभाका लागि काठमाडौंबाट उम्मेद्वारी दिनु, पहिलो स्थानीय निर्वाचनमा मेयर जित्नका लागि मतपत्र च्यात्नु र दोस्रो निर्वाचनमा उनको प्रचारका लागि भरतपुरमा केन्द्रीय नेताहरुको जात्रा लाग्नु नै त्यसको पुष्टि थियो। यतिखेर मतपत्र च्यात्न सक्ने तागत छैन र केन्द्रीय नेता भनिएका सबै जना आफै थला परिरहेको अवस्था छ। पछिल्लो पटक पनि बेतुकका अनेकन अफवाह नफैलाइएको होइन। मेयर पदको बाँकी अवधि छँदाछँदै ठूलो भाग खान हौसिएकी दाहाल सोभिता गौतमबाट पराजित भएपछि भने उनको राजनीतिमा भविष्यमा तगारो लाग्ने देखिन्छ। आफ्नो बुतामा चुनाव लड्न कति कठिन रहेछ भन्ने अनुभूत भएपनि नभए पनि धाँधलीको सहारामा घरीघरी चुनाव जित्न सकिन्न किनकि समय संधै एकैनास रहन्न।

*(लेखक : वीरेन्द्रनगर-१२ निवासी हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** – विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ।

**वृष** – पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा अवसर प्राप्त हुनेछ।

**मिथुन** – बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ।

**कर्कट** – निर्णायक मोडमा दुविधा उत्पन्न हुन सक्छ। कामको अवसर प्राप्त भए पनि प्रतिफल हातपार्न समय लाग्नेछ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ।

**सिंह** – हिम्मत गर्दा लक्ष्यको उचाइ प्राप्त हुने समय छ। पेसा-व्यवसायमा सहयोगीहरूले राम्रो साथ दिनेछन्। कृषि र उद्योगतर्फ मनग्य फाइदा उठाउन सकिनेछ।

**कन्या** – रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**तुला** – प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकोछ।

**वृश्चिक** – दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। लगानीतर्फ खर्च बढ्न सक्छ।

**धनु** – महिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ।

**मकर** – काम थाल्ने र पछिका लागि सम्भावना खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ।

**कुम्भ** – फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला। चिताएको काम छिटै सम्पादन हुनेछ।

**मीन** – अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ।

# सांसद नदोहोऱ्याउने जुम्ली भाष्य तोडेका ज्ञानेन्द्र शाही

**◣युग संवाददाता**
**सुर्खेत, २३ फागुन ।**

जुम्लामा यसअघि एक पटक सांसद भइसकेको व्यक्ति अर्को निर्वाचनमा फेरि विजयी भएको इतिहास थिएन। २०४८ सालको प्रतिनिधिसभा निर्वाचनमा जुम्लाबाट नेपाल मजदुर किसान पार्टीका डिल्लीबहादुर महत निर्वाचित भए। २०५१ सालमा नेमकिपाले नै उम्मेदवार फेर्दै भक्तबहादुर रोकायालाई अघि सार्‍यो, र जिते पनि।

२०५६ सालमा एमालेका देवीलाल थापा निर्वाचित भए। त्यसपछिका चुनावमा माओवादी प्रमुख राजनीतिक शक्तिका रूपमा उदायो। २०६४ सालको संविधानसभा निर्वाचनमा माओवादीका नरेश भण्डारी निर्वाचित भए। २०७० को निर्वाचनमा कांग्रेसका ललितजंग शाही निर्वाचित हुँदा २०७४ को निर्वाचनमा माओवादीका गजेन्द्र महत निर्वाचित भए।

२०७९ को प्रतिनिधिसभा चुनावमा कांग्रेस–माओवादीबिच गठबन्धन हुँदा पनि राप्रपाका ज्ञानबहादुर शाही (ज्ञानेन्द्र)ले चुनाव जिते। यसरी हेर्दा जुम्ला अहिलेसम्म प्रतिनिधिसभातर्फ कुनै पनि सांसदलाई दोहोऱ्याएर मौका नदिने जिल्लामा पर्थ्यो। यसै कारण जुम्लामा भाष्य नै बन्यो– जुम्ली जनताले कहिल्यै सांसद दोहोऱ्याउँदैनन्। तर यो पटक उक्त भाष्य ज्ञानेन्द्रले भत्काएर दोस्रो पटक प्रतिनिधिसभा चुनाव जिते।

शनिबार सम्पन्न मतगणना अनुसार राप्रपाका शाहीले आफ्ना प्रतिद्धन्द्वी नेपाली कम्युनिस्ट पार्टीका नरेश भण्डारीलाई ३ हजार १८१ मतान्तरले पराजित गरे। शाहीले १४ हजार ८१६ मत पाउँदा भण्डारीले ११ हजार ६३५ मत पाए। भण्डारी पनि जुम्लामा प्रभावशाली नेता हुन्, उनी पनि दोस्रो पटक प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका थिए। तर कमजोर संगठनका बाबजुद ज्ञानेन्द्रले दोस्रो पटक चुनाव जितेर इतिहास रचेका छन्। यहाँ नेपाली कांग्रेसका दीपबहादुर शाहीले ७ हजार १४३ र एमालको शान्तिलाल महतले ४ हजार ५१८ मत पाए। बाँकी उम्मेदवारले ५०० मत कटाउन सकेनन्।



**यस कारण ज्ञानेन्द्रले जिते चुनाव**

कमजोर संगठन तर पनि ज्ञानेन्द्रलाई जुम्ली जनताले दोस्रो पटक किन जिताए त ? जुम्लाका एक पुराना कम्युनिस्ट नेतालाई रातोपार्टीकर्मीले सोध्दा उनी भन्छन्, 'ज्ञानेन्द्रले अरु केही नगरे पछि संसद्मा सबैलाई थर्कमान बनायो। अरु केही नगरे पनि कम्तीमा उसले कर्णालीका समस्याहरु संसद्मा बोल्यो।' साथै, जुम्ली स्याउले बजार नपाउँदा सामाजिक सञ्जालबाट नै प्रचार गरेर बजारीकरण गर्दा स्याउ बिक्रीमा उछाल आएको कुरा पनि उनले भने।

'कम्तीमा जुम्ला र कर्णालीबारे बोल्यो- केपी ओलीले झापामा ठुलो बजेट दिँदा उसले कर्णालीलाई हेपेको हो ? झापालाई दिने बजेट भन्दा सिङ्गो कर्णालीलाई दिएको बजेट कम भएको भन्दै संसद्मा लड्यो,' ती कम्युनिस्टले भने, 'यही कुरा जुम्लीले मन पराए त हामी के गरौँ।'

यद्यपि उनको राजावादी एजेन्डा भने जुम्लीले मन नपराएको बताइन्छ। चुनावी अभियानका बेला उनलाई हामीले सोध्यौं, अघिल्लो निर्वाचनमा जित्नुभयो, तर संसदमा राजा ल्याउने कुरा मात्रै गरेको, विकासलाई ध्यान नदिएको भनेर कतिपय मतदाता असन्तुष्ट छन् भनिन्छ नि ?

उनको जवाफ थियो, 'केही गणतन्त्रवादी, अझ मार्क्सवादी हुन्छन् नि, उनीहरूलाई त्यस्तो लाग्छ होला। जनतामा त्यस्तो केही छैन। हामीले जनताका मुद्दा पनि उठाएका छौँ नि ! कसैको मार्क्स आस्था हो भने हाम्रो राजा आस्था हो। त्यसैले जनताका मुद्दा आजसम्म जुम्लामा यसरी उठाउने व्यक्ति नै म पहिलो हो। यो कुरालाई जनताले हेरेका छन्।'

जुम्लामा बलियो रहेको माओवादीलाई दुईवटै चुनाव उनले हराए। २०४८ माघ २४ गते जुम्लाको सिङ्जा गाउँपालिका–३ पिगीमा जन्मिएका उनी २०७९ को चुनाव भन्दाअघि विशेषतः सामाजिक सञ्जालमा छाइरहने भाइरल पात्रका रूपमा परिचित थिए। भ्रष्टाचार विरोधी अभियन्ताको परिचय बनाएका उनी भ्रष्टाचारका फाइल हातमा लिने, युट्युबरलाई सँगै लगेर चर्को-चर्को आवाजमा बोल्थे।

त्यही कारण उनी सामाजिक सञ्जालमा चर्चाको पात्र बने। उनी चर्चामा मात्र आएनन् विवादित पनि बनिरहने व्यक्ति हुन्। उनको चर्चा २०७६ वैशाख १८ गते सुर्खेतमा गरेको कार्यक्रममा पत्रकारहरू उपस्थित नभएपछि पत्रकारहरूलाई अपशब्द प्रयोग गरेको अभियोगमा सुर्खेतको एक कार्यक्रम स्थलबाट प्रहरीले पक्राउ गरेपछि भएको हो। त्यसपछि उनलाई सुर्खेतबाट गिरफ्तार गरी सार्वजनिक बसमा यातना दिँदै काठमाडौँ लगिएको कुराले चर्चा पाएको थियो।

तर उनको संघर्ष भने कम छैन। जुम्लाको दुर्गम भेगमा जन्मिएका उनी कक्षा पाँचसम्म गाउँकै प्राथमिक विद्यालयमा पढे। कक्षा ६ देखिमाथि पनि जुम्ला सदरमुकाम खलंगामा पढे। एसएलसीपछि काठमाडौँको त्रिचन्द्र कलेज पुगेका उनले त्यहाँ विज्ञान विषय पढे। आईएस्सी पढेपछि सीए पढ्नका लागि भारतको राजधानी दिल्ली पुगे, तर पढाइ पूरा नगरी नेपाल फर्किए।

दिल्लीमा एउटा चार्टर एकाउन्टेन्ट फर्ममा काम गरेको बताउने ज्ञानेन्द्र भारतीयले नेपालीहरूमाथि गर्ने व्यवहारका कारण नेपाल फर्किएको बताउँछन्। नेपालमा नै केही गर्छु भन्ने उद्देश्य लिएर फर्किएको र भ्रष्टाचार विरोधी संघर्षमा लागेको उनी बताउँछन्।

यति मात्र होइन, सुरुमा नेपाल आएर उनले एभिन्युज टिभीमा काम गरे। उनको आक्रामक प्रस्तुति उच्च तहका व्यक्तिहरूले मन नपराए पनि सर्वसाधारणले वाईवाई गरिरहे, जसको फाइदा उनले दुई चुनावमा लिए। उनी संसदीय राजनीतिमा आउनुअघि विवादमा तानिरहन्थे। २०७६ भदौ २९ मा ललितपुर पुल्चोकमा पत्रकार सम्मेलन गरिरहेको अवस्थामा पत्रकारको भेषमा कार्यक्रम स्थलमा पुगेका एमाले निकट कार्यकर्ताहरूले शाहीमाथि आक्रमण गरे। यस्तै २०७६ असोजमा चितवनमा पनि उनीमाथि आक्रमण भएको थियो।

२०७७ वैशाख ९ मा ललितपुरमा राहत वितरणमा निस्किएका शाहीलाई प्रहरीले पक्राउ गरेको थियो। उनलाई लकडाउन उल्लंघनको आरोपमा प्रहरीले ललितपुरको सुनाकोठीबाट पक्राउ गरिएको थियो। त्यही समयमा सुर्खेतमा पनि उनीमाथि आक्रमण भएको थियो। राहत वितरणकै क्रममा सुर्खेत पुगेका उनीमाथि वीरेन्द्रनगर-१३ स्थित करेखोलामा एक समूहले आक्रमण गरेको थियो। २०७९ को चुनाव भन्दा केही समयअघि मात्रै उनी राप्रपा प्रवेश गरेका थिए। हल्लाखल्लाकै दुनियाँबाट एकाएक राप्रपामा प्रवेश गरेका उनी अहिले उक्त पार्टीको प्रवक्ता छन्। सम्भवतः यसपटक राप्रपाबाट चुनाव जित्ने उनी मात्रै हुनेछन्।

*(रातोपाटी)*

# सरकारले अभिभारा पूरा गरेको छ, निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवारी हस्तान्तरण गर्न आतुर छौँः गृहमन्त्री

**◣युग संवाददाता**
**काठमाडौँ, २३ फागुन ।**

गत भदौमा भएको जेनजी आन्दोलनपछि गठन भएको सरकारको एउटा मात्रै जिम्मेवारी थियो, आवधिक निर्वाचन। छोटो समयमा निर्वाचन गर्ने जिम्मेवारीका साथ गठन भएको सरकारमा गृहमन्त्रालयको जिम्मेवारीमा आउनुभएको थियो, ओमप्रकाश अर्याल।



जेनजी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरु पनि लुटिएका थिए। राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो। सुरक्षा मुख्य चुनौती थियो। आम मानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैन भन्ने संशय थियो।

अन्ततः समयमै शान्तिपूर्ण रुपमा निर्वाचन भयो। बिहीबार निर्वाचनको जिम्मेवारी पूरा गरेपछि गृहमन्त्री अर्यालले भने, "एउटा महत्वपूर्ण जिम्मेवारी पूरा भयो, नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ "

निर्वाचन सम्पन्न भएपछि शुक्रबार दिनभर जसो मन्त्री अर्यालले धन्यवाद तथा शुभकामनाका कैयौँ फोनकल, सन्देश प्राप्त गरिरहे। मन्त्रालयमै आएर बधाई दिनेहरुको संख्या पनि बाक्लो थियो। उनले शुभचिन्तकलाई भने, "आजबाट जिम्मेवारीको भारी बिसाएर हल्का महसुस भएको छ। मतपरिणामपछि नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर फर्किन आतुर छौँ।"

उनले यसका लागि प्रधानमन्त्री सुशीला कार्कीप्रति विशेष आभार व्यक्त गरे। साथै निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने गृहसचिव, मन्त्रालयका महाशाखा प्रमुखसहित सुरक्षा निकायका उच्च अधिकारीलाई धन्यवाद दिए।

"निजामति प्रशासनलाई सधै दोष दिने गरिएको छ, त्यो मात्रै साँचो होइन, निजामतिको साथमै काम फत्ते भएका छन् खाली नेतृत्व कस्ले कसरी गरेको छ भन्ने महत्वपूर्ण कुरा हो", गृहमन्त्री अर्यालले भने।

गृहमन्त्री अर्याल छ महिनाभित्र निर्वाचन गरेर मुलुकलाई निकास दिने दायित्वमा कहिल्यै बिमुख भएनन्। उनले भने, "गृह मन्त्रालय 'पावर एक्सरसाइज' गर्ने मन्त्रालय भन्थे मैले नेतृत्व सम्हाल्दाको अनुभवमा यो त शान्ति मन्त्रालयको भूमिकाजस्तो देखियो। परिस्थितिलाई काबुबाहिर जान नदिन अपनाउनुपर्ने संयमता र मन्त्रालयको मुख्य जिम्मेवारीबाट कहिल्यै बिचलित भइन र निरन्तर आफ्नो इमानन्दारिताको अभ्यास गरे।"

राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको उनको बुझाइ छ। अहिले देशभर मतगणना कार्य जारी छ। केही क्षेत्रको नतिजा पनि आइसकेको छ।

लोकतान्त्रिक प्रकृयाको महत्वपूर्ण अभ्यासको रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै उनले यस निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवम् नेपाली जनताले प्राप्त गरेको हक अधिकारको संस्थागत गर्नमा महत्वपूर्ण उपलब्धी हाँसिल भएको उल्लेख गरे।

अर्यालले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको उल्लेख गरे। उनले निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिएका छन्।

गृहमन्त्री अर्यालले सुरक्षा चुनौतीलाई आफूहरुले नजिकबाट नियालेर सोही अनुसार व्यवस्थापन गरिएको बताए। उनले थपे, "यहाँ तपाईंहरुले निर्देशन दिने गृहमन्त्री र निर्देशन पालना गर्ने कर्मचारी एवं सुरक्षाकर्मीहरू भेट्नुहुन्न' निर्देशनमुखी कार्यशैली फेरेर सामूहिक निर्णय गर्ने अभ्यास कार्यान्वयन भएको छ। आवश्यक कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिहरू सबै बसेर सामूहिक सरसल्लाह गर्छौं र आवश्यक निर्णय लिन्छौं।" गत पुसमा मधेशमा देखिएका साम्प्रदायिक हिंसाका केही छुटपुट घटना भए। ती समस्याको पनि समयमै समाधान नगरिएको भए निर्वाचनको माहोल बिगार्न सक्थयो।

# नेपालको निर्वाचन बारे चीनले के भन्यो ?

**◣युग संवाददाता**
**काठमाडौँ, २३ फागुन ।**

चीनले नेपालमा हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भएकोमा बधाई दिएको छ। चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा नेपालले आफ्नो राजनीतिक कार्यसूचीलाई सुचारु रूपमा अघि बढाएकोमा खुसी व्यक्त गरेकी हुन्।

निर्वाचन समितिको तथ्यांकअनुसार करिब ६० प्रतिशत मतदान भएको र प्रक्रिया उत्साहजनक रहेको भन्दै चीनले यसलाई सकारात्मक कदमको रूपमा लिएको छ। परम्परागत रूपमा असल छिमेकीको भूमिकामा रहेको चीनले नेपालसँगको सम्बन्धलाई सधैं उच्च प्राथमिकता दिँदै आएको प्रवक्ता निङले उल्लेख गरिन्।

दुवै मुलुकले एकअर्काको स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका लागि निरन्तर सहयोग गर्दै आएको उनले स्मरण गराइन्। निर्वाचनपछिको नयाँ राजनीतिक परिवेशमा पनि नेपालको विकास र समृद्धिका लागि चीनले पूर्ण सहयोग गर्ने संकेत दिएको छ।

आगामी दिनमा नेपालसँगको रणनीतिक साझेदारी र सहयोगलाई अझ मजबुत बनाउन चीन तयार रहेको प्रवक्ता निङको भनाइ छ। विकास र समृद्धिका लागि दशकौंदेखि कायम रहेको मित्रतालाई नयाँ उचाइमा पुऱ्याउन चीनले नेपालका आगामी नेतृत्वसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेको छ।

नेपालको आन्तरिक राजनीतिक स्थिरताले क्षेत्रीय शान्तिमा समेत टेवा पुग्ने विश्वास चिनियाँ पक्षले राखेको छ।

## कर्णालीमा...

गढमा प्रवेश गरेको छ। २०७० को दोस्रो संविधानसभा निर्वाचन यता कांग्रेसको चुनाव चिह्न रुखमा भोट हाल्न नपाएका कांग्रेस कार्यकर्ता र शुभेच्छुकहरूले यसपटको विषमपरिस्थतिमा बासना थापालाई विजयी बनाएका छन्। कुनै समय कांग्रेसको गढ मानिएको यो क्षेत्रमा गठबन्धन संस्कृतिका कारण हलो र हसियाँ हथौडामा भोट हालेका कांग्रेस कार्यकर्ता र शुभेच्छुकहरूले यस पटक राजनीतिक रूपमा अनुभवी र पाका नेतालाई पाखा लगाउँदै थापालाई सांसद चुनेका छन्।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा थापाले १२ हजार तीन सय ७२ मत प्राप्त जित निकालेकी छन्। थापाका निकट प्रतिद्वन्द्वी नेकपा एमालेका रवीन्द्रराज शर्माले ११ हजार सात सय ९६ मत प्राप्त गरेका छन्। उनीहरूको मतान्तर पाँच सय ७६ छ।

थापालाई चुनौती दिएका रास्वपाका नन्दकिशोर बस्नेतले आठ हजार एक सय ५१ मत प्राप्त गर्दा २०७० को संविधानसभा, २०७४ को प्रदेशसभा र २०७९ को प्रतिनिधिसभामा जित निकालेका नेकपाका अम्मरबहादुर थापाले चार हजार दुई सय ५६ मतका साथ लज्जास्पद हार व्यहोरेका छन्। दैलेख-२ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा एमालेका लक्ष्मीप्रसाद पोखरेल विजयी भएका छन्। पोखरेलले १३ हजार आठ सय ८९ मत प्राप्त गर्दै संसद यात्रा तय गरेका हुन्।

पोखरेलका निकट्तम प्रतिस्पर्धी नेपाली कांग्रेसका दिक्पालकुमार शाहीले नौ हजार पाँच सय ५२ मत ल्याएका छन्। पोखरेलले जित निकालेसँगै गएको निर्वाचनमा गठवन्धनका कारण झिनो मतान्तरले हार्न पुगेका पोखरेलले शाहीसँग बदला लिएका छन्। तत्कालिन वाम लोकतान्त्रिक गठबन्धनको तर्फबाट कांग्रेस उम्मेदवार बनेका शाहीले उक्त निर्वाचनमा २० हजार एक सय ८३ मत ल्याएका थिए भने पोखरेलले २० हजार ३० मत पाएका थिए।

जाजरकोटबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका खड्कबहादुर बुढा विजयी भएका छन्। बुढाले निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का शक्तिबहादुर बस्नेतलाई हराएका छन्। बुढाले २० हजार एक सय ४२ मत प्राप्त गर्दा बस्नेतले १७ हजार चार सय सात मत प्राप्त गरी उपविजेता बने। नेकपा एमालेका डम्बरबहादुर सिंहले १६ हजार आठ सय ८३ मत प्राप्त गरी तेस्रो स्थानमा चित्त बुझाए। बुढा कांग्रेस जाजरकोटका कार्यवाहक सभापति हुन्। कांग्रेसनिकट विद्यार्थी संगठनबाट सक्रिय राजनीतिमा आएका बुढा २०७४ सालमा शिवालय गाउँपालिकाको अध्यक्षमा पराजित बनेका थिए।

प्रतिनिधिसभाको निर्वाचनमा कालीकोटबाट नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का महेन्द्रबहादुर शाही विजयी भएका छन्। शाही ११ हजार तीन सय ३० मत प्राप्त गरेर निर्वाचित भएका हुन्। उनका प्रतिस्पर्धी नेकपा (एमाले) का नागेन्द्र शाहीले १० हजार दुई सय २२ मत ल्याएका छन्। जुम्लाबाट प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानबहादुर शाही विजयी भएका छन्। उनले निकट्तम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार नरेश भण्डारीलाई फराकिलो मतान्तरले पराजित गरेका हुन्। शाहीले १४ हजार आठ सय १६ प्राप्त गरि विजयी हुँदा भण्डारीले ११ हजार ६ सय ३६ मत प्राप्त गरेका छन्। यो उनको दोस्रो जित हो। उनी गएको निर्वाचनमा पनि भारी मतान्तरले विजयी भएका थिए।

# १८ वर्षपछि मधेसकेन्द्रित दल 'क्लीन स्विप', राष्ट्रिय दलको मान्यता पनि गुम्ने निश्चित


**◣युग संवाददाता**
**काठमाडौँ, २३ फागुन ।**

२०६४ सालको मधेस आन्दोलनपछि उदाएका र १८ वर्षसम्म राष्ट्रिय राजनीतिमा निर्णायक बनेका तराई-मधेसकेन्द्रित दलहरू यसपटकको निर्वाचनमा नराम्ररी बडारिएका छन् ।

सरकार बनाउने र ढाल्ने खेलमा 'किङ मेकर' बन्दै आएका यी शक्तिहरूको अस्तित्व फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनसँगै संकटमा परेको छ ।

यो समाचार तयार पार्दासम्म मधेसकेन्द्रित कुनै पनि दलका उम्मेदवार विजयको नजिक देखिएका छैनन् । उनीहरूको राष्ट्रिय दलको हैसियतसमेत गुम्ने निश्चित प्रायः भएको छ ।

उपेन्द्र यादव र महन्थ ठाकुर नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, सीके राउतको जनमत पार्टी, राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टीसहित जनमतबाट फुटेर बनेका अन्य साना दलले चुनावी मैदानमा प्रतिस्पर्धा गरेका थिए ।



तर, राष्ट्रिय पार्टी बन्न प्रत्यक्षमा कम्तीमा एक सिट र समानुपातिकतर्फ कुल सदर मतको तीन प्रतिशत सीमा कटाउनुपर्ने संवैधानिक प्रावधान पूरा गर्ने अवस्थामा कुनै पनि दल देखिएका छैनन् । अहिलेसम्मको गणनामा मधेसकेन्द्रित कुनै पनि दलले एक सिटमा पनि अग्रता लिन सकेका छैनन् ।

उपेन्द्र यादव र महन्थ ठाकुरले नेतृत्व गरेको जनता समाजवादी पार्टी (जसपा) नेपाल, सिके राउतले नेतृत्व गरेको जनमत पार्टी, राजेन्द्र महतोले नेतृत्व गरेको राष्ट्रिय मुक्ति पार्टी, जनमत पार्टीबाट फुटेर बनेको स्वाभीमान पार्टी र जनअधिकार पार्टीले प्रतिनिधिसभा सदस्य चुनावमा भाग लिएका थिए ।

यीमध्ये कुनै पनि राष्ट्रिय पार्टी बन्ने अवस्थामा छैनन् ।

पुसको अन्तिम साता जसपा नेपालसँग तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) बीच एकता भएको थियो । पार्टी एकीकरणपछि बलियो शक्ति बन्ने नेताहरूको आकलनलाई निर्वाचन परिणामले गलत साबित गरिदिएको छ ।

अघिल्लो पटक २०७९ सालको निर्वाचनमा मधेसकेन्द्रित दलहरूको उपस्थिति यति कमजोर थिएन । त्यसबेला जसपा नेपालले प्रत्यक्षमा सात र समानुपातिकमा पाँच गरी १२ सिट तथा जनमत पार्टीले ६ सिट जित्दै राष्ट्रिय मान्यता पाएका थिए ।

यद्यपि, लोसपाले प्रत्यक्षमा चार सिट जितेर पनि थ्रेसहोल्ड कटाउन नसक्दा राष्ट्रिय दल बन्न सकेको थिएन ।

२०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा मधेसी जनअधिकार फोरम ५२ सिटसहित चौथो शक्तिका रूपमा उदाएको थियो । सोही समयमा तमलोपाले २१ र २०४६ सालको परिवर्तनपछि खुलेको सद्भावना पार्टीले ९ सिट हासिल गरेका थिए । मधेस आन्दोलनको रापतापमा चमत्कारिक ढंगले उदाएका यी शक्तिहरू १८ वर्ष पुग्दा नपुग्दै ओरालो यात्रामा लागेका छन् ।

यद्यपि, जसपा नेता मनिष सुमनले अहिलेको अवस्थालाई चलचित्रको 'मध्यान्तर' का रूपमा अर्थ्याएका छन् । तराई-मधेसका शक्तिहरू फेरि उदाउने दाबी गर्दै उनले भने, 'अहिले फिल्म हेर्दाहेर्दै मध्यान्तर भएको जस्तो अवस्था हो, मध्यान्तर सकिएपछि फेरि फिल्म सुरु हुन्छ ।'

मधेसकेन्द्रित दलहरू एक्कासि किन कमजोर भए भन्ने प्रश्नमा सुमनले 'बालेन फ्याक्टर' लाई मुख्य कारण माने । 'बालेन शाह मधेसी हुन्, रास्वपाले उनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गऱ्यो,' उनले भने, 'मधेसको छोरो प्रधानमन्त्री बनोस् भन्ने चाहनाले मधेसमा बालेनको पक्षमा लहर आयो । त्यही लहरले हाम्रा दलहरू पछि परे ।'

राजनीतिक विश्लेषक तुलानारायण साहले निर्वाचनमा आएको नयाँ लहरले मधेसका पुराना शक्तिहरू 'बरालिएको' टिप्पणी गरे । उनले भने, 'अहिले आएको लहरमा नेपाली कांग्रेस र एमाले त यो हालतमा छन् भने मधेसकेन्द्रित दलहरू बरालिनु स्वाभाविक जस्तै देखियो ।'

निर्वाचन परिणामले सधैं जित्दै आएका 'हेविवेट' नेताहरूलाई समेत पाखा लगाएको छ । २०३८ सालदेखि निरन्तर चुनाव लड्दै आएका शरत्सिंह भण्डारी, जसपा अध्यक्ष उपेन्द्र यादव, राजेन्द्र महतो, सुरेन्द्र यादव र सीके राउत पराजयको संघारमा पुगेका छन् ।

यादव सप्तरी-३, भण्डारी महोत्तरी-२, महन्थ ठाकुरकी छोरी मीनाक्षी ठाकुर महोत्तरी-३ र राजेन्द्र महतो सर्लाही-२ बाट उम्मेदवार बनेका थिए ।

त्यसैगरी, जनमतका अध्यक्ष सीके राउत सप्तरी-२ मा पछि परेका छन् ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# २६ वर्षपछि अछामको लाल किल्ला भत्काउने भरत स्वाँर

**युग संवाददाता**
**धनगढी, २३ फागुन ।**

विगत २६ वर्षदेखि कम्युनिस्टको पकडमा रहेको अछाम क्षेत्र नं. १ लाई धेरैले लाल किल्लाको उपमा दिने गरेका थिए। यसपटकको प्रतिनिधि सभाको निर्वाचन परिणामले त्यो किल्ला भत्किएको छ। यो किल्ला भत्काउने पात्र हुन्– ७० वर्षीय कांग्रेस नेता भरतकुमार स्वाँर।

शनिबार सार्वजनिक मत परिणाम अनुसार स्वाँरले एमालेका पूर्व उपाध्यक्ष तथा प्रभावशाली नेता भीम रावल हाल नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारलाई ५ सय २६ मतान्तरले पराजित गर्दै संसदीय यात्रा तय गरेका छन्। स्वाँरले १० हजार ७ सय ५९ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी रावलले १० हजार २ सय ३३ मतमा चित्त बुझाउनु पर्‍यो। यो जितपछि अछाम-१ मा २६ वर्षपछि नेपाली कांग्रेसको सुखद पुनरागमन गरेको छ।

राष्ट्रिय राजनीतिमा भीम रावल जति चर्चामा हुन्छन्, भरत स्वाँर अछामको माटोमा उत्तिकै भिजेका नेता हुन्। वि.सं. २०१२ साल असार २४ गते अछामको रिडीकोटमा जन्मिएका स्वाँरको जीवनको अधिकांश समय अछामकै पाखा-पखेरामा बितेको छ।

उनको राजनीतिक जग सामान्य छैन। २०३० सालमा एसएलसी उत्तीर्ण गरेपछि क्याम्पस पढ्दापढ्दै नेविसंघको राजनीतिबाट उनको यात्रा सुरु भएको थियो। पञ्चायतको त्यो कालरात्रीमा २०३४ सालमा नेपाली कांग्रेसका महामानव बीपी कोइरालाको हातबाट साधारण सदस्यता लिएर औपचारिक राजनीतिमा होमिएका स्वाँरले लोकतन्त्रका लागि ठुलो सङ्घर्ष गरेका छन्।

'मैले बीपी कोइरालाको हातबाट सदस्यता लिएँ, त्यसपछि पञ्चायत विरोधी आन्दोलनमा लाग्दा अछाम र बाजुराको जेलमा धेरै पटक थुनिनुपर्‍यो,' उनले भने। प्रशासनको दमन र पञ्चायतका पक्षधरहरूको घेराबन्दी तोड्दै उनी निरन्तर अछाममै डटिरहे।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि अछाम-१ मा यिनै दुई पात्र आमनेसामने थिए- भरत स्वाँर र भीम रावल। त्यतिबेला वाम गठबन्धनको लहर थियो। स्वाँरले १८ हजार मत ल्याउँदा पनि पराजय भोग्नुपरेको थियो।

५ वर्षअघि १८ हजार मत ल्याएर हार्ने स्वाँर, यस पटक १० हजार ७ सय ५९ मत ल्याएरै विजयी भए। अछाममा बसाइँसराइका कारण रित्तिएका गाउँ र घटेको मत खसेको अवस्थालाई यो तथ्याङ्कले उजागर गर्ने गरेको उनले जितपछि रातोपाटीसँग संवाद गर्दै भने।

'अछाममा अहिले मान्छे छैनन्, गाउँ रित्ता छन्। जंगली जनावरको आतङ्क छ। तैपनि यहाँ भएका दाजुभाइले मलाई विश्वास गर्नुभयो,' स्वाँर भन्छन्, 'भीम रावलजी ठुलो विद्वान हुनुहुन्छ, धेरै पटक मन्त्री हुनुभयो तर जनताले यस पटक मलाई रोजे।'

स्वाँर २०४९ सालमा अछाम जिविस सभापति हुँदै दुई पटक नेपाली कांग्रेस अछामको जिल्ला सभापति भएर सङ्गठन विस्तारमा लागिरहे। उनी आफूलाई अछामी जनताको सेवक भन्न रुचाउँछन्।

स्नातक तह (बीए) प्रथम वर्षसम्मको औपचारिक अध्ययन गरेका स्वाँरको राजनीतिक डिग्री भने निकै उच्च छ। 'वर्षको ३६५ दिनमा ३५० दिन म अछाममै हुन्छु। यहाँका जनताको सुखदुःख, सिटामोल नपाउने अवस्था र शिक्षाको दुर्दशालाई मैले नजिकबाट देखेको छु,'उनले भने।

७० वर्षको उमेरमा संसद् मा प्रवेश गरेका उनले यसलाई आफ्नो पहिलो र अन्तिम संसदीय इनिङ्सको रूपमा घोषणा गरेका छन्। 'यो मेरो पहिलो र अन्तिम पटक हो। म फेरि चुनाव लड्ने छैन। मेरो जीवनको उत्तरार्धका यी ५ वर्ष म विशुद्ध अछाम र अछामी जनताको सेवामा समर्पित गर्नेछु,' स्वाँरले भने।

## बाइक हराएको सम्बन्धी सूचना

वीरेन्द्रनगर नगरपालीका वडा न. ६ स्थित हुलाक कार्यालय (जिल्ला) पश्चिम राधा मन्दिरको अगाडी राप्ती ग्याप्त दक्षिण झोलै फाप्टपुर अगाडी राखेको समयमा २०८/११/११ साझ करीब ६:३० देखि ८:३० को समयमा pulsar 220 cc वाइक चोरी भएको हुदाँ भेटाउनुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी, ट्राफीक कार्यालय तथा मेरो सम्पर्क नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**तपशिल :**
**नाम :** रोशन राम्जाली मगर
**ठेगाना :** पंचपुरी न.पा. पुरते।
**मोबाइल नम्बर :** ९८६५६०१५६६
**मोटरसाइकल विवरण :** Pulser 220 CC.
Colour : Med Black Blue.
Engine No : MD2A13Fx25CD84804.

## घुयँत्रो

नेपालको फागुन २१ को आम निर्वाचनको परिणाम सुनेर सन्सार चकितछ। रिजल्ट हेर्दा रास्वपाकै नेताहरुनि चकित होलान। यस्तो रिजल्ट त सायद ऐलेसम्म कईँकतै आछैन होला तर नेपालमा भएको निर्वाचनमा पाटि गठन गरेको तीन वर्ष पनि नवित्दै रास्वपाले जसरप चुनाब जित्यो यसलाई हेर्दा घण्टीको संगठन बलियो भएर हैन कि एमाले ,काँग्रेसप्रतिको असन्तुष्टि र उनिहरुलाई " बल्लखाईस " भन्नका लागि पनि काँग्रेस एमाले कार्यकर्ता नेता तथा उनका परिवारका मान्छेहरु बाहिर काँग्रेस भएर नि भित्र आफ्नै पाटिको विरुद्ध रास्वपालाई भोट हाल्न बाध्य भएकाा हुन। खासगरिलनेताहरुका अनेकन ज्यादतिका वाबजुत पनि भष्टाचारीलाई कार्वाहि र आफ्नै परिवारलाई टिकट बाँडने काम बन्द गरेको भए पनि यस्तो जातिवित्ति असन्तुष्टिको ज्वाला दन्किने थिएन होला। जनताले असन्तुष्टि पोख्नु पर्यो भने कसरी पोख्दारैछन भन्नेकुरा आँफुलाई छुट्टै ग्रहबाट आएका नेता र पाटिका रुपमा सम्झिने मधेसका दलका नेताहरुनि एकै पटक जसरि बढारिए त्यसले मधेसी पाटिहरुलाई समेत भष्टाचारीका अब्बल नेताहरुकै रुपमा बढारेकन हुन यौटा सानो वडा सदस्यदेखि मेयर उपमेयर सभासद र मन्त्रीहरुले जसरि मधेसमा हिजो भष्टाचार गरे र अहिले पनि गरिरहेका छन तीनलाई अब रास्वपाले भष्टाचारीका रुपमा यसरी भागाभाग गराउँदैछ कि कतिपय त अब बोडरपारी बस्ति सार्नपनि बेर छैन। बहुमत पुर्याउन नसकेका नाममा आफ्नोदललाई सरकारमा सामेल गराएर करोडौं रुपैयाँ ऐंठने चलनको विकास मधेसी नेताहरुले जसरि चलाएका थिए त्यो नै देश विकास र समृद्धिको बाधक थियो। भौगालिक विकटता नभएर तराई मैदानि भाग र विकास गर्न सजिलो ठाउँ भएरनि जनताका मत बेचेर राजनीति गरिरहेका मधेसी नेताहरु यसपटक सकलरुपमा बढारिएकाले पनि मधेसी जनता धेरै खुशि छन र अबको केही वर्ष विकासले गति पाउन सक्ने आश जगाएकोछ। विजयको उन्मादले न उम्लिकन नेपालमा बनाउन आबस्यक सडक सन्जाल, बनाउन तयारि रहेका हाईड्रो,पावर र सिमेन्ट कारखानामात्रै सन्चालनको शुरुवात गर्दै भष्टाचारीलाई कारवाहि गर्न यौटा निश्पक्ष आयोग बनाएर त्यसले सिफारिस गरेकाहरुलाई कार्वाहि गर्न विशेष अधिकार प्राप्त अदालत गठन गरि भष्टाचारी ,दलाल, कमिशन खोरी र विकाशका बाधकहरुलाई कार्वाहि गर्न विशेष अदालत गठन गर्दै उनिहरुलाई दण्डित गर्न सकियोभने मात्र जनताले दलहरुसित लिएको बदला पूरा हुनेछ अन्यथा पुरानादल र यसमा कुनै अन्तर जनताले मान्ने छैनन। तराईमा खास गरि ३० औं बर्षदेखि ठेक्का भएर पनि थन्कियका पुल र सडक अनि गणतन्त्र आएदेखि वडासदस्य,अध्यक्ष ,प्रदेश सभासद मेयर उपमेयर रमन्त्रीहरुले पुरै योजनानै खाईदिएर पूरै योजनानै अलपत्र छनभने विद्यालय,ताल तलैया, कृषि, मल र अस्पताल र स्वास्थ्य चौकिका योजनानै सखाप बनाएर बसेका नेताहरु अँझै आँफुलाई आउने योजनाहरु कसरिसिध्याउन सकिन्छ भनेर योजना बनाएर बसिरहेका छन। भष्टाचार गर्न भनेपछि पटक्कै नडराउने मधेसका नेताले गणतन्त्र आएदेखि ऐलेसम्म कति भष्टाचार गरेछन भनेर मात्रै खोजि गर्ने हो भनेपनि कहालि लाग्दो र डरलाग्दो अबस्था पाउन सकिन्छ। त्यसैले रास्वपाका नेताहरुले जनताले हामीलाइ सबैभन्दा पहिला भष्टाचारी ,त्यसको नेता,विचौलिया र दलालहरुको अन्त्यका लागि मत दिएका हुन भन्ने कुरालाई महसुस गरेर काम गरे भने फेरिफेरिपनि पालो अबस्य आउनेछ हैन भने उनिहरुलाई पनि यस्तै दनक दिएका दिन हेर्न पाँचै बर्ष कुरे पुग्छ।


## कर्मचारी आवश्यकता

वीरेन्द्रनगर सुर्खेतमा रहेको यस GBMS Cafe का लागि निम्न पदमा कर्मचारी आवश्यकता भएकाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्न सक्नुहुनेछ।

**तपशिल :**
**वेटर :** २ जना (पुरुष)
- अनुभवीलाई प्राथमिकता दिइनेछ।
- तलब र अन्य सुविधा अन्तर्वार्तापछी तोकिनेछ।

**सम्पर्क नं:** ९८६८१९१४०५

**GBMS Cafe**
**वीरेन्द्रनगर, सुर्खेत**

## कर्मचारी आवश्यकता

वीरेन्द्रनगर सुर्खेतमा रहेको यस न्यू गंगामाला पाउरोटी उद्योगका लागि निम्न पदमा कर्मचारी आवश्यकता भएकाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्न सक्नुहुनेछ।

**तपशिल :**
**अकाउन्टेन्ट :** १ जना
- ब्याट र अकाउन्टिङ सफ्टवेयरको ज्ञान र अनुभव भएको।
- तलब र अन्य सुविधा अन्तर्वार्तापछी तोकिनेछ।

**सम्पर्क नं:** ९८६८१९१४०५

**न्यू गंगामाला पाउरोटी उद्योग**
**वीरेन्द्रनगर, सुर्खेत**

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

## भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४३२१४४२

## भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing

### हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस्।




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।